# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ चैत २२ गते

## गौर घटनाबारेमा आयोगको ध्यानकर्षण

रौतहट जिल्लाको सरकारी कार्यालयहरूको सेवा केन्द्र बिस्तारसम्बन्धी विषयलाई लिएर गौरमा भइरको विरोध प्रर्दशनको आयोगले स्थलगत अनुगमन गरिरहेको छ । विरोध प्रर्दशनको क्रममा प्रहरीबाट व्यक्तिहरूलाई घरभित्र प्रवेश गरी कुटपीट गरिएको, समाचार सङ्कलनार्थ खटिएका सञ्चारकर्मीहरू तथा अनुगमन गरिरहेका मानव अधिकारकर्मीहरूमाथि हिंसा भएको, समुदायलाई होच्याउने भाषा तथा महिलाहरूमाथि अपशब्द प्रयोग गरिएको पाइएको छ । प्रदर्शनकारीहरूबाट ढुङ्गामुढा प्रयोग तथा आगजनीजस्ता कार्यहरू भएका तथ्यहरू प्राप्त भएका छन् । यस क्रममा प्रदर्शनकारी र प्रहरी दुबैतर्फ घाइते भएको पाइएको छ । जिल्लाको सबगाडामा चैत २० गते सशस्त्र प्रहरीको भ्यान पुग्दा सो स्थानमा जम्मा भएका करिब तीनचार सय जनाको समूहले होहल्ला गरेपछि भ्यान पछाडि लैजादाँ लागेको ठक्करले गौर नपा वडा न १० निवासी वर्ष ५० का रामआशिष ठाकुरको मृत्यु भएको पाइएको छ ।

आयोगले यसै विषयमा आज नेपाल सरकार गृह मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षक लगायतका अधिकारीहरूलाई आयोगमा बोलाई छलफल गरेको छ । यसक्रममा शान्तिसुरक्षा कायम राख्ने, सञ्चारकर्मी, मानव अधिकारकर्मी, महिला एवम् सर्वसाधारणमाथि भएका हिंसालगायतका घटनाहरूको बारेमा आयोगले चासो व्यक्त गरेको छ ।

छलफलका क्रममा गृह सचिवले प्रहरीले संयमता अपनाइरहेको तथा अत्याधिक बल प्रयोग भएका घटनाहरू भएमा छानबिन गरिने जानकारी गराउँदै सरकारले वार्ताबाट समस्याको समाधान गर्ने प्रयास गरिरहेको जानकारी गराउनुभएको छ ।

आयोगबाट भइरहेको अनुगमनबाट सरकारी सेवा केन्द्र बिस्तारको विषयमा विभिन्न जिल्लाहरूमा यस्ता घटनाहरू दोहोरिने गरेको पाइएको छ । लोकतान्त्रिक शासनव्यवस्थामा सर्वसाधारणले घरदैलोबाटै सेवा प्राप्त गर्न पाउनु जनताको नैसर्गिक अधिकार हो । यस्ता विषयहरूमा निर्णय एवं त्यसको कार्यान्वयन गर्दा जनसङ्ख्याको अनुपात र भौगोलिक अवस्थासमेतलाई मध्यनजर राखी पर्याप्त अध्ययन र सम्बन्धित सेवाग्रहीहरूसँग परामर्श गरी त्यस्तो सेवालाई समानताको सिद्धान्तको आधारमा समानुपातिक ढङ्गले सेवा बिस्तार गर्नु आवश्यक देखिएको तर्फ आयोग सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदछ ।

प्रहरीको गाडीको ठक्करबाट मृत्यु भएका भनिएका रामआशिष ठाकुर एवम् समग्र घटना (महिला, सञ्चारकर्मी र सर्वसाधारणमाथि भएको भनिएको दुरव्यवहार आदि विषय)-को निष्पक्ष छानबिन गरी कानुनबमोजिम कारबाही गर्न, घाइतेहरूको उपचारको व्यवस्था मिलाउन, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीलाई निर्वाध रूपमा आफ्नो काम गर्ने वातावरण सृजना गर्न आयोग सम्बद्ध पक्षसँग आग्रह गर्दछ । यसैगरी प्रदर्शनकारीहरूलाई शान्तिपूर्ण तरिकाबाट विरोधका कार्यक्रम सञ्चालन गर्न, आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारको पनि सम्मान गर्न आयोग आग्रह गर्दछ । साथै वार्ता र संवाद्बाट समास्याको समाधान खोज्न आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org